# मधेशी आयोग

## ज्वागल, ललितपुर

पत्र संख्याः २०८२/८३
चलानी नं. :

फोन नं: ०१-५२६९१८५
टोल फ्रि नं: १६६००११६१८५
मितिः २०८२।९।२९

### प्रेस विज्ञप्ति

**विषयः 'तिला संक्रान्ति' (माघे संक्रान्ति) पर्वको उपलक्ष्यमा शुभकामना सन्देश।**

तराई-मधेश लगायत सम्पूर्ण मुलुकभरि नै हर्षोल्लासका साथ मनाइने पवित्र सांस्कृतिक पर्व **'माघे संक्रान्ति' (तिला संक्रान्ति)** को सुखद अवसरमा नेपाल तथा विदेशमा रहनुभएका सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति, सुस्वास्थ्य, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछ। मकर संक्रान्तिको नामले समेत चिनिने यो पर्व तराई-मधेशमा विशेष गरी **'तिला संक्रान्ति'** को रूपमा मनाउने गरिन्छ। यस दिन पवित्र पोखरी, तलाउ, नदी तथा कुण्डहरूमा स्नान गरी तिल, च्युरा, मुरही र सख्खरबाट बनेका लड्डुहरू (लाई) खाने, खिचडी खाने र दान गर्ने परम्परा रहेको छ। यो पर्वले जाडोयामको अन्त्य र वसन्त ऋतुको आगमनको संकेत मात्र गर्दैन, यसले हाम्रो समाजमा आपसी सद्भाव, भ्रातृत्व र परिवारिक मेलमिलापको सन्देश समेत प्रवाह गर्दछ। नेपालको तराई-मधेशमा रहेका विभिन्न जातजाति र समुदायहरूको आफ्नै मौलिक संस्कृति र परम्पराहरू रहेका छन्। यस्ता सांस्कृतिक चाडपर्वहरूले राष्ट्रिय एकतालाई अझ सुदृढ बनाउन र विविधतामा एकता कायम राख्न महत्वपूर्ण भूमिका खेल्दै आएका छन्। मधेशी आयोग मधेशी समुदायको हक, हित र संस्कृतिको संरक्षण एवं प्रवर्द्धनका लागि सदैव प्रतिबद्ध रहेको छ। यस पावन पर्वले हामी सबैलाई आफ्ना मौलिक परम्पराहरूको जगेर्ना गर्न र समृद्ध समाज निर्माणको दिशामा अघि बढ्न थप प्रेरणा प्रदान गरोस् भन्ने कामना गर्दछौं। अन्त्यमा, यस पर्वलाई हर्षोल्लासका साथ मनाउनुहुन र मौलिक संस्कृतिको संरक्षणमा सहभागी हुनुहुन आयोग हार्दिक अपिल गर्दछ।

..................
मा. जीवछ साह
कार्यवाहक अध्यक्ष